# डोल्पो टुल्कु घर फिरे

■ फूलमान वल

काठमाडौं– उनलाई भिक्षु बन्न मन थिएन । तर १० वर्षको उमेरमा जब शेरप साङपो दक्षिण भारतको कर्नाटक पुगे, दलाई लामासँग भेटभएपछि उनी बदलिए । डोल्पो फिरेको केही समयमै उनी भिक्षु बनेर फेरि कर्नाटक पसे ।

त्यसको सत्र वर्षपछि शेरप जन्मथलो अपर डोल्पो फिरे, तर अब उनी शेरप रहेनन्, पुनर्जन्म भएर उनी डोल्पो टुल्कु रिम्पोछे बने । केटाकेटीमा नाङगैभुतुंगै खेल्ने हिमाली बाटामा अब उनको स्वागतका लागि डोल्पोलीहरू माला लिएर खडा हुने भए ।

अपर डोल्पोको विकट गाउँबाट १७ वर्षअघि कर्नाटक पसेको शेरपको यो 'पुनर्जन्म' र त्यसले डोल्पोली गाउँमा ल्याएको खुलियालीले शनिबार अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव रोचक तुल्यायो । एघार बजे सुरु हुने भए पनि राष्ट्रिय सभागृहमा बिहान दस बजेदेखि नै काठमाडौं बस्ने डोल्पोलीको घुइँचो लागेको थियो ।

'माइले सुनेको मात्तै थियो' जर्मन वृत्तचित्रकर्मी मार्टिन हल्फम्यान निर्देसित 'डोल्पो टुल्कु' हेर्न स्वयम्भूबाट पत्नी पेमासँगै आइपुगेका कर्माले हलभित्र पस्दै भने, 'देखेको छाइन । कास्तो हुनुहुँदो रहिछ हेरौं भनेर ।' ओम मानेपदमेहुं अंकित म्हाने घुमाउँदै आइपुगेका दम्पती भित्र पसेलगत्तै फिल्म सुरु भयो ।

घोडा र सहयोगी अघिपछि लगाउँदै टुल्कु डोल्पो फर्किंदैछन्, मानौं एक प्रकारले यो सांस्कृतिक पुनर्जागरणको लम्बेयात्रा हो । बाटामा अनेक भग्न स्तूपा र गुम्बा छन् । टुल्कु ती सबैमा शुद्धीकरण पूजा गर्छन्, भत्केको छानो टाल्छन् र गाउँलेलाई प्रवचन दिन्छन् । क्यामेरा घरिघरि उनले बिताएको सत्र वर्षको झलक दिन कर्नाटक पुग्छ ।

'यहाँ आधुनिक मेसिन भयो भने' कैयौं ठाउँमा बास बसेपछि घर पुगेका टुल्कु आमाको काँधमा हात राख्दै जौ र आलुबारी औंल्याउँछन्, 'यी बारीमा धेरै उत्पादन हुन्ये होला हगि ?'

घरबाट पनि टुल्कु अघि बढ्छन्, हिमाली उचाइतिर । गोल्डेन टेम्पल, सर गुम्बा हुँदै यात्रा साल्दाङ गुम्बा पुग्छ, जहाँ उनले दिवंगत निचुङ रिम्पोछेको आसन सम्हाल्नुपर्छ । योसँगै टुल्कु नयाँ डोल्पोको सपना देख्न थाल्छन् ।

उनी जुन भाषा बोल्दै हुर्के, जुन भाषामा पढेर रिम्पोछे भए, त्यो भाषा मुलुकको कुनै पनि थलोमा 'जागिरे अवसर' को रूपमा प्राथमिकतामा पर्दैन । पाँच सय वर्षदेखि डोल्पो उस्तै छ । आधुनिक शिक्षालय, अस्पताल छैनन् । पुरानो सम्पदा र संस्कृति क्षयीकरणको मारमा पर्दै गएको छ ।

'यतिका वर्षमा त डोल्पो फेरियो कि जस्तो लागेको थियो' वृत्तचित्रमा उनी आफ्नै भाषामा साथीहरूलाई भन्छन्, 'केही भएन छ । मात्र एकाध घर थपिएछन् ।'

यसरी वृत्तचित्र टुल्कुको काम, भावी योजना र सपना पछ्याउँदै अघि बढ्छ । लोभलाग्दा सुन्दर दृष्यचित्र, वेशभूषा, पूजा संस्कृति र रीतिरिवाजले वृत्तचित्रलाई जति सुन्दर बनाएको छ, त्यत्तिकै रूपमा डोल्पोको गरिबी, पछौटेपन, सम्पदाको क्षयीकरणलाई बाहिर ल्याइदिएको छ ।

जति काम गरे पनि गरिबी र दुःखबाट मुक्ति नपाएकाहरू बाटामा टुल्कुको खुट्टा समातेर रुन्छन् । उनीहरू यति कमजोर मानसिकतामा छन् कि ती टुल्कुलाई खुसी उपहार ल्याइदिने 'भगवान्' को रूपमा पूजा गर्छन् । दुःखबाट पार पाउने जुक्ति पहिल्याउन आग्रह गर्छन् ।

'वृत्तचित्रमा नयाँ डोल्पोसँग जोडिएको तीन कुरा छन्' फिल्म सकेपछि दर्शक अघिल्तिर देखिएका टुल्कुले भने, 'मैले आमालाई भनेजस्तै कृषिको आधुनिकीकरण, डोल्पोली भाषालाई अवसरको रूपमा रूपान्तरण र आधुनिक ज्ञान र शिक्षाको विस्तार ।'

डोल्पोली भाषामा बोलेपछि उनी त्यसलाई अंग्रेजीमा पनि रूपान्तरण गरिरहेका थिए । निर्देशक मार्टिनलाई दायाँ पारेर बसेका टुल्कु अघिल्तिर खादा लिएर बसेका डोल्पोलीको लाम लाग्यो । 'डोल्पोलाई नयाँ बनाउने कुरा मान पर्‍यो' म्हाने घुमाउँदै बाहिर निस्केका कर्मा बोले, 'रिम्पोछे साँच्चिकै 'भगवान्' जस्तै रहेछ ।'

## अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव



'डोल्पो टुल्कु' पछि शनिबार महोत्सवमा अमन अधिकारीको 'अ डे इन द लाइफ अफ जुंगे दाइ,' अविनाश विक्रम शाहको 'टाइन इज परहयाप्स्', रघुवर नेपालको 'होली बागमती,' केसाङ छेतेनको 'इन सर्च अफ रियाल,' कास्मिरको द्वन्द्वमाथि सेनेन खेस्मी र गीता पाटेलको 'प्रोजेक्ट कास्मिर' लगायत दर्जन फिल्म देखाइयो ।

केसाङको 'इन सर्च...' मा पनि 'टुल्कु डोल्पो' मा जत्तिकै दर्शक भीड लाग्यो । 'बितेका दुई दशकयता नेपालीहरू सस्तो श्रम बेच्न गल्फ मुलुक भासिने क्रम डरलाग्दो रूपमा बढ्दै गइरहेको छ,' केसाङले भने, 'यसो हुनुका अनेक कारण छन्, तिनैलाई खोतल्ने सानो प्रयास गरेको हुँ ।'